# नेपालमा स्वरोजगार कोषको व्यवस्था र यसको उपादेयता

दिनेश गौतम र लक्ष्मीप्रसाद पौडेल



HRITI FOUNDATION
TOWARDS PROSPEROUS KARNALI

# नेपालमा स्वरोजगार कोषको व्यवस्था र यसको उपादेयता

दिनेश गौतम र लक्ष्मीप्रसाद पौडेल

ऋति फाउण्डेशन, २०७७

# लेखकको बारेमा

## दिनेश गौतम

दिनेश गौतम हाल ऋति फाउन्डेसनको प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत हुनुहुन्छ । सार्वजनिक नीतिको विषयमा लामो अनुभव संगाल्नुभएका गौतमले व्यवस्थापन विषयमा स्नातकोत्तर अध्ययन गर्नुभएको छ भने विकास अर्थशास्त्रमा स्नातकोत्तर गरिरहनुभएको छ । उहाँ कर्णाली प्रदेशमा सार्वजनिक सेवा र सार्वजनिक सेवा प्रवाहमा जबाफदेहिता खोजिरहेको युवाहरुको समूह तन्नेरी चासो सुर्खेतको अध्यक्ष पनि हुनहुन्छ भने ऋति फाउन्डेसनद्धारा वार्षिक रूपमा कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरमा आयोजना हुने कर्णाली उत्सव कुडा कर्णालीकाको कार्यकारी निर्देशक पनि हुनुहुन्छ । साथै उहाँ सुर्खेतबाट प्रकाशित हुने तन्नेरी भ्वाइस मासिकको प्रकाशक तथा सम्पादक हुनुहुन्छ । उहाँका आधा दर्जन अनुसन्धानात्मक पुस्तकहरु प्रकाशन भएका छन् भने पाँच सय भन्दा बढी आलेखहरु पत्रिकामा प्रकाशन भएका छन् ।

## लक्ष्मीप्रसाद पौडेल

लक्ष्मी प्रसाद पौडेल ऋति फाउन्डेसनको अनुसन्धान व्यवस्थापक हुनुहुन्छ । अनुसन्धान र व्यवस्थापनको क्षेत्रमा उहाँले ३ वर्ष भन्दा बढी समयदेखि काम गरिरहनुभएको छ । विभिन्न पत्रिकामा संवाददाताको रुपमा काम गरेको अनुभव संगाल्नुभएका पौडेल तन्नेरी चासो सुर्खेतको सचिव पनि हुनुहुन्छ । हाल उहाँले व्यवस्थापन विषयमा स्नातक गरिरहनुभएको छ । उहाँ ऋति फाउन्डेसनद्धारा वार्षिक रूपमा कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरमा

आयोजना हुने कर्णाली उत्सव कुडा कर्णालीकाको आन्तरिक अभिलेखीकरण तथा सञ्चार विभाग प्रमुख पनि हुनुहुन्छ। आर्थिक, सामाजिक, समसामयिक लगायतका विषयमा उहाँले राष्ट्रिय तथा प्रदेशस्तरका पत्रपत्रिकामा अनुसन्धान तथा विचारमुलक लेख लेख्दै आउनुभएको छ ।

# कृतज्ञता ज्ञापन

हामीले स्वरोजगार कोष र यसको उपादयतासम्बन्धमा यस अनुसन्धान पत्र तयार पार्न सहयोग गर्ने'हुने सम्पूर्ण व्यक्ति एवं संस्थाप्रति कृतज्ञ छौँ । यो अनुसन्धान पत्र काठमाडौँस्थित थिंकट्यांक समृद्धी फाउन्डेसनको सहयोगमा तयार पारिएको हो ।

यस अनुसन्धान पत्र तयार पार्ने क्रममा हामीलाई सल्लाह सुझाव दिनुहुने, निरन्तर उत्प्रेरणा दिइराख्नुहुने समृद्धी फाउन्डेसनका आकाश श्रेष्ठप्रति विशेष आभार व्यक्त गर्दछौँ । त्यस्तै यो अनुसन्धान पत्रको डिजाइन र भाषामा सहयोग गर्नुहुने समृद्धी फाउन्डेसनकै रोशन बस्नेत र विद्या महर्जन पनि धन्यवादको पात्र हुनुहुन्छ ।

यसै गरी यस अनुसन्धान पत्र तयार गर्ने क्रममा आवश्यक पर्ने सूचनाहरु उपलब्ध गराइदिने, श्रोतहरु जुटाउन सहयोग गरिदिनुहुने र हाम्रा प्रश्नको उत्तर दिनुहुने सम्पूर्ण सरकारी तथा गैरसरकारी संस्था र त्यसका प्रतिनिधीहरुलाई पनि हामी धन्यवाद दिन चाहन्छौँ । सुरुवातदेखि नै हामीलाई यस अनुसन्धान पत्रको काममा सहयोग गर्नुहुने ऋति फाउन्डेसनका सम्पूर्ण सहकर्मीहरुलाई धन्यवाद ।

फाउन्डेसनका संयोजक एवं सदस्यहरु कमलराज लम्साल, रेशमवहादुर विष्ट, खगेन्द्र पुरी र श्यामप्रसाद भण्डारीका साथसाथै फाउन्डेसनमा कार्यरत जानकी आचार्य र अनिता केसिको निरन्तरको सहयोगले मात्र यो अनुसन्धान तयार गर्न सकिएको हो । तसर्थ उहाँहरुलाई पनि धेरै धेरै धन्यवाद ।

अन्त्यमा, हामीलाई यस अनुसन्धानपत्र तयार गर्ने क्रममा आवश्यक जानकारीहरू सहितका आलेख तयार गर्नुभएको सम्पूर्ण लेखक एवं सोधकर्ताहरू धन्यवादको पात्र हुनुहुन्छ ।

**दिनेश गौतम**
**लक्ष्मीप्रसाद पौडेल**

# विषय सुचि

१. पृष्ठभूमि १

२. नेपालमा युवा तथा रोजगारीको अवस्था ४

३. स्वरोजगारीको लागि नेपालमा हालसम्म भएका प्रयासहरू ७
३.१ गैरसरकारी निकायबाट सञ्चालित प्रयासहरू ७
३.२ सरकारी निकायबाट सञ्चालित प्रयासहरू ९

४. नेपालमा स्वरोजगार र रोजगार सम्बन्धी असफल अभ्यासहरू १७
४.१ कर्णाली रोजगार कार्यक्रम १७
४.२ गरिबसँग विश्वेश्वर २२
४.३ राष्ट्रिय स्वयंसेवा कार्यक्रम २४
४.४ युवा तथा साना व्यवसायी स्वरोजगार कोष २४
४.५ प्रमाणपत्र धितो कर्जा कार्यक्रम ३०
४.६ प्रधानमन्त्री रोजगार कार्यक्रम ३२

५. सुदूरपश्चिम प्रदेशको स्वरोजगार कोष स्थापना गर्ने सम्बन्धमा बनेको नीति ३४

६. रोजगार सिर्जनामा अन्तर्राष्ट्रिय अभ्यास र सिकाई ३८
६.१ भारत ३८
६.२ फिनल्यान्ड ३९
६.३ नेदरल्याण्ड ४०

७. निष्कर्ष तथा सुझावहरू ४२

**सन्दर्भ सामाग्रीहरु** **४३**

# तालिका सुची

१. नेपालमा युवा तथा रोजगारीको अवस्था ४

२. नेपालमा रोजगारीको अवस्था ५

३. स्वरोजगारीको लागि नेपालमा हालसम्म गैरसरकारी निकायबाट सञ्चालित प्रयासहरू ८

४. स्वरोजगारीको लागि नेपालमा हालसम्म सरकारी निकायबाट सञ्चालित प्रयासहरू १३

# संक्षिप्त शव्दावली

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| वि.सं. | विक्रम संवत् |
| नं. | नम्बर |
| युनेस्को | संयुक्त राष्ट्र शैक्षिक, वैज्ञानिक र सांस्कृतिक सङ्गठन |
| डब्ल्यूएफपी | विश्व खाद्य कार्यक्रम |
| रु. | रुपैयाँ |
| HCI | हिमालयन जलवायु पहल |
| NDVS | राष्ट्रिय विकास स्वयंसेवक सेवा |
| बिजनेस प्लान | व्यवसायिक योजना |

# ऋति फाउण्डेशनको बारेमा

ऋति फाउण्डेशन कम्पनी ऐन, २०६३ बमोजिम संस्थापित मुनाफा वितरणनगर्ने कम्पनी हो । स्थापनाकालदेखि यसले आफ्नो उद्देश्यअनुसार कर्णालीक्षेत्रको आर्थिक उन्नति र प्रगतिका लागि काम गर्दै आएको छ । विशेषतः बहसको वातावरण बनाई समग्र विकासमा योगदान गर्ने यसको उद्देश्य रहेकोछ ।

फाउण्डेशनले कर्णाली उत्सव, कर्णाली कचहरी, लेट्स स्पिक, सवाल उद्यमीकोजस्ता सार्वजनिक वहसका नियमित कार्यक्रमका साथै कर्णाली प्रदेशकोसमृद्धिका लागि आवश्यक नीतिगत व्यवस्थाहरुको अध्ययन, अनुसन्धान तथापैरवी गर्दै आइरहको छ । यसले वाक स्वतन्त्रता र आर्थिक अधिकारको पक्षमावकालत गर्छ । विकासका लागि विचार भन्ने मान्यता बोकेको फाउण्डेशनले गन्थन, मन्थन र चिन्तनलाई प्रश्रय दिन्छ ।

ऋति फाउण्डेशन
वीरेन्द्रनगर, सुर्खेत
फोनः ०८३५२१५६४
इमेलः info@hriti.org
वेबसाइटः www.hriti.org

# १. पृष्ठभूमि

नेपालको संविधानको धारा ३३ मा प्रत्येक नागरिकको रोजगारीको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरिएको छ। संविधानकै धारा ५१ ले रोजगारीका सम्बन्धमा राज्यका नीति के हुने भन्ने विषयलाई स्पष्ट पारेको छ (नेपालको संविधान, २०७२) । श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाउने, स्वदेशमा नै रोजगारीको अभिवृद्धि गर्ने, वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशभित्रै उत्पादन क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने विषय धारा ५१ मा उल्लेख छ। त्यस्तै, असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताका आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने राज्यका नीतिहरू हुने उल्लेख छ। 'राष्ट्रिय रोजगार नीति–२०७१' ले भनेको छ– 'सबैले काम गर्न पाउने अवस्थाको सुनिश्चितता गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारीको अभिवृद्धि गरिनेछ'(राष्ट्रिय रोजगार नीति–२०७१) । यी नै मापदण्डमा टेकेर २०७५ साल फागुन १ गते प्रधानमन्त्री रोजगार कार्यक्रम सुरु भएको घोषणा गरियो।प्रधानमन्त्री रोजगार कार्यक्रमले मुलुकभित्रै उत्पादनशील रोजगारीका अवसरहरूमा वृद्धि गरी न्यूनतम रोजगारीको सुनिश्चितता गर्ने लक्ष्य राखेको छ। आगामी पाँच वर्षभित्र बाध्यात्मक वैदेशिक रोजगारलाई निरुत्साहित गर्ने नीतिअनुरूप आन्तरिक रोजगारीको दायरा फराकिलो बनाउँदै लाने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले उल्लेख गरेको छ । रोजगार प्राप्त गर्न नसक्ने परिवारलाई सामाजिक संरक्षण प्रदान

गर्ने पनि बताइएको छ।

देश सङ्घीयतामा गएसँगै यस्ता विभिन्न नीतिहरु प्रदेश तथा स्थानीय तहमै निर्माण हुन थालेका छन् । केन्द्रको प्रधानमन्त्री रोजगार कार्यक्रमको सिको गर्दै कर्णाली प्रदेश सरकारले मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरिरहेको छ । केन्द्र सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रमको सिको गर्दै गरिबी हटाउन भन्दै कर्णाली प्रदेश सरकारले मुख्यमन्त्री रोजगार कार्यक्रमको अवधारणा आर्थिक वर्ष २०७६।७७ देखि अघि सार्यो । कार्यक्रमका लागि मन्त्रिपरिषद्बाट कार्यविधिसमेत पारित भयो । कार्यविधिमा स्थानीय तहले माग गरेका विकास योजना र त्यहाँ रहेका बेरोजगारको तथ्याङ्कका आधारमा कार्यक्रम अघि बढाइने उल्लेख छ (कान्तिपुर दैनिक, २०७६) ।

पूँजी , सीप एवं लगानीका स्रोतको अभाव भएका बेरोजगार जनशक्तिलाई सीप सिकाई उद्यमशीलताको विकास, उत्पादनमा वृद्धी गरी आत्मनिर्भर अर्थतन्त्र निर्माणमा योगदान दिनको लागि श्रमप्रति सम्मान गर्ने जनशक्ति निर्माण विना धितो सहुलियत दरमा कर्जा प्रवाह गरी स्वदेशमै स्वरोजगार बनाउन 'सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५'सुदूरपश्चिम प्रदेश सरकारले ल्याएको छ । ल्याइएको विधेयकको प्रस्तावनामा उल्लेख गरिएको छ (सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५) ।

नेपालमा यसअघि पनि स्वरोजगारका लागि थुप्रै प्रयासहरु भए पनि ठोस उपलब्धि अझैसम्म देखिएको छैन । कर्णाली रोजगार कार्यक्रम,

राष्ट्रिय स्वयंसेवा कार्यक्रम, प्रमाणपत्र धितो कर्जा कार्यक्रम, राष्ट्रपति युवा महिला कार्यक्रम, युवा तथा साना व्यवसायी स्वरोजगार कोष, गरिबसँग विश्वेश्वर आदी सरकारले यसअघि ल्याएर ठोस परिणाम दिन नसकेका नीतिहरु हुन् । त्यसै गरी ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम, तराई क्षेत्र विकास कार्यक्रमले पनि जुन उद्देश्यले नीति ल्याइएको थियो त्योअनुसारको परिणाम दिन सकेका छैनन् । दुई वर्ष अघिबाट कार्यान्वयनमा आएको प्रधानमन्त्री रोजगार कार्यक्रमले पनि अझैसम्म नागरिकहरुमा आयआर्जनको लागि भूमिका खेल्न सकेका छैनन् । राज्यले नीति बनाउँदा त्यसको दीर्घकालीन प्रभावबारे अध्ययन नगर्दा विभिन्न परिणामहरु आइपर्छन् । राज्यले नागरिकलाई दिर्घकालमा फाइदा पुग्ने खालका नीति ल्याउन आवश्यक छ ।

# २. नेपालमा युवा तथा रोजगारीको अवस्था

नेपालमा युवाको जनसङ्ख्या कूल जनसङ्ख्याको ४०.३५ प्रतिशत अर्थात् १ करोड ७ लाख रहेको छ ।

**तालिका नं. १**
**नेपालमा युवा तथा रोजगारीको अवस्था**

| | |
|---|---|
| जनसङ्ख्या | कूल जनसङ्ख्याको ४०.३५ प्रतिशत अर्थात् १ करोड ७ लाख |
| युवा विकास सूचकाङ्कमा नेपाल विश्वमा | ७७ औँ नम्बरमा |
| युवा पूर्ण बेरोजगार | १९.२ |
| कृषिमा युवाहरूको संलग्नता | ५०.२ प्रतिशत |
| प्रतिवर्ष रोजगारीका लागिविदेशिनेयुवा | ५,३८,००० |
| रोजगारीका लागि विदेशिने अदक्ष युवा | ७४ प्रतिशत (जम्मा विदेशीने सङ्ख्याको) |
| रोजगारीका लागि बिदेसिने अर्धदक्ष युवा | २४ प्रतिशत |
| रोजगारीका लागि बिदेसिने दक्ष युवा | २ प्रतिशत |
| राष्ट्रिय  अर्थतन्त्रमा रेमिटेन्सका योगदान | २९ प्रतिशत |

श्रोतः शिक्षापत्र, २०७७

युवा विकास सूचकाङ्कमा नेपाल विश्वमा ७७ औँ नम्बरमा रहेको छ । १९.२ प्रतिशत युवा पूर्ण बेरोजगार रहेका छन् । कृषिमा युवाहरूको संलग्नता ५०.२ प्रतिशत रहेको र २६.१ प्रतिशत युवाहरू स्नातक भएर पनि बेरोजगार बस्नु परेको अवस्था विद्यमान छ । आज बेरोजगारीको कारण युवाहरू प्रतिवर्ष ५,३८,००० रोजगारीका लागि विदेशिने गरेका र यी मध्ये ७४ प्रतिशत अदक्ष, २४ प्रतिशत अर्धदक्ष र केवल २ प्रतिशत मात्र दक्ष जनशक्तिको रूपमा रहेका छन् । भर्खरै श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट जारी तथ्याङ्क बमोजिम विदेशिने युवाको सङ्ख्यामा केही कमी आएको र यो सङ्ख्या वार्षिक ३ लाख २३ हजार मात्र रहेको देखिएको छ । युवा विकास उद्यमशीलता र स्वरोजगारका लागि सरकारी गैरसरकारी तथा निजी स्तरबाट भए गरेका प्रयासका कारण यो विदेशिने युवाको सङ्ख्यामा कमी आएको हो भन्ने बुझाइ रहेको छ ।  वैदेशिक रोजगारीमा गएका युवाहरूले विदेशमा काम गरी कमाएको रकम रेमिटेन्सको रूपमा नेपाल भित्रिने गर्दछ जसको राष्ट्रिय  अर्थतन्त्रमा २९ प्रतिशत योगदान रहेको छ ।

**तालिका नं. २**
**नेपालमा रोजगारीको अवस्था**

| | |
|---|---|
| अनौपचारिक क्षेत्रमा कार्यरत श्रमशक्ति | ८४.६ प्रतिशत |
| औपचारिक क्षेत्रमा कार्यरत श्रमशक्ति | १५.४ प्रतिशत |
| १५ वर्ष वा सोभन्दा बढी उमेर समूहका बेरोजगार संख्या | ९ लाख ८ हजार |

श्रोतः केन्द्रिय तथ्यांक विभाग २०७७

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मङ्सिर ११ गते सार्वजनिक गरेको प्रतिवेदनमा विगत ५ महिनामा ६ लाख ८२ हजार ९ सय ८२ युवाले बेरोजगार रहेको जनाउँदै नाम दर्ता गराएका छन् । यसै गरी यो अवधिमा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत ८ सय ६२ जनाले रोजगारी पाएको उल्लेख छ । यसरी नै यो अवधिमा १ लाख ४२ हजार ८ सय ७ नेपाली स्वदेश फर्किएका छन् भने सो अवधिमा विदेश जान नयाँ श्रम स्वीकृति लिनेको सङ्ख्या २ हजार ३१६, बिदामा आएर पुनः श्रम स्वीकृति लिएका युवाको सङ्ख्या १६ हजार ५ सय ८ रहेको छ (श्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय) ।

# ३. स्वरोजगारीको लागि नेपालमा हालसम्म भएका प्रयासहरू

## ३.१ गैरसरकारी निकायबाट सञ्चालित प्रयासहरू

नेपालमा विगत देखी स्वरोजगारको लागि विभिन्न कोष र कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । सरकारी स्तरबाट जति प्यास भएका छन् सोही मात्रामा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एवम् दातृ निकायबाट स्वरोजगार कार्यक्रमहरू सञ्चालन भएका छन् । रोजगार कोष  सन् २०१४ देखि २०२० सम्म सञ्चालन भएको थियो । जसको बजेटवार्षिक ३० लाख अमेरिकी डलर रहेको थियो । कोषको दातृ निकाय स्विजरल्यान्ड रहेको थियो ।

त्यसै गरी किशोरावस्था साक्षरता तथा जिवनउपयोगी सिप कार्यक्रम सन् २०१७ देखि २०२२ सम्मका लागि नेपालमा सञ्चालित रहेको छ । वार्षिक १.११ करोड अमेरिकी डलर रहेको उक्त कार्यक्रमको दातृ निकाययुनेस्को रहेको छ । युवाका लागि स्वास्थ्य कार्यक्रम सन् २०१५ देखि २०२० सम्मका लागि वार्षिक १०.७ करोड रुपैयाँ बजेटसहित एडरा आइएनजीओ अस्ट्रेलियाबाट सञ्चालित रहेको थियो ।

त्यसै गरी युवाको सामाजिक पुरस्थापना कार्यक्रम सन् २०१६ देखि २०२१सम्म वार्षिक ४.४७ करोड रुपैयाँ बजेटमा चाइल्ड प्रोटेक्सन सर्भिसेस इन्टरनेसनलद्धारा सञ्चालित छ ।

सक्रिय नागरिकद्धारा युवा प्रेरणा कार्यक्रम सन् २०१७ देखि २०२९ सम्मका लागि वार्षिक ९.९३ करोड रुपैयाँबजेटसहित रोलिट इन्टनेसनल, अमेरिकाद्धारा सञ्चालित रहेको छ । युवा रोजगार परियोजनासन् २०१७ देखि २०२१ वार्षिक ३.८९ करोड रुपैयाँबजेटसहित स्विस फाउन्डेसन फर टेक्निकिल कोअपरेसन, स्विजरल्याण्डद्धारा सञ्चालित छ । युवा विकास परियोजनासन् २०१४ देखि २०१९ सम्म वार्षिक १.१२ करोड रुपैयाँ बजेट छ । जसको दातृ निकाय वर्ल्ड एम्बेसी अफ मुस्लीम युथ, साउदी अरेबिया हो ।

**तालिका नं. ३**
**स्वरोजगारीको लागि नेपालमा हालसम्म गैरसरकारी निकायबाट सञ्चालितप्रयासहरू**

| क्र. सं. | कोष तथा कार्यक्रमको विवरण | अवधि | वजेट | दाता |
|---|---|---|---|---|
| १ | रोजगार कोष | सन् २०१४ देखि २०२० | वार्षिक ३० लाख अमेरीकि डलर | स्विजरल्यान्ड |
| २ | | सन् २०१७ देखि २०२२ | वार्षिक १.११ करोड अमेरीकी डलर | युनेस्को |

| | | | | |
|---|---|---|---|---|
| ३ | किशोरावस्था साक्षरता तथा जिवनउपयोगी सिप | सन् २०१५ देखि २०२० | वार्षिक १०.७ करोड रुपैयाँ | एडरा आइएनजीओ अष्ट्रेलिया |
| ४ | युवाका लागि स्वास्थ्य | सन् २०१६ देखि २०२१ | वार्षिक ४.४७ करोड रुपैंयाँ | चाइल्ड प्रोटेक्सन सर्भिसेस इन्टरनेसनल |
| ५ | युवाको सामाजिक पुनर्स्थापना | सन् २०१७ देखि २०२९ | वार्षिक ९.९३ करोड रुपैयाँ | रोलिट इन्टनेसनल, अमेरिका |
| ६ | सक्रिय नागरिकद्वारा युवा प्रेरणा | सन् २०१७ देखि २०२१ | वार्षिक ३.८९ करोड रुपैयाँ | स्विस फाउन्डेसन फर टेक्नकिल कोअपरेसन, स्विजरल्याण्ड |
| ७ | युवा रोजगार परियोजना | सन् २०१४ देखि २०१९ | वार्षिक १.१२ करोड रुपैयाँ | वल्र्ड एम्बेसी अफ मुस्लीम युथ, साउदी अरेबिया |
| | | | | |

श्रोतः नेपाल म्यागेजिन, २०७५

## ३.२ सरकारी निकायबाट सञ्चालितप्रयासहरू

गैरसरकारी एवम् अन्तर्राष्ट्रिय दातृ निकायबाट नेपालमा जति स्वरोजगारका कार्यक्रम सञ्चालन भएका छन् त्यही मात्रामा सरकारी

तवरबाट पनि विभिन्न कार्यक्रमहरू र कोषहरू सञ्चालन भएका छन् । कर्णाली प्रदेशका जुम्ला, हुम्ला, मुगु, डोल्पा र कालिकोट अर्थात् साबिक कर्णाली अञ्चलको भौगोलिक विकटता एवं आर्थिक पछौटेपनका कारण अधिकांश परिवारका व्यक्तिहरूको परम्परागत पेसा, व्यवसाय वा रोजगारीबाट प्राप्त आम्दानीले जीवन निर्वाह गर्न कठिनाइ र रोजगारीका पर्याप्त अवसरको कमी रहेको तथ्यलाई दृष्टिगत गरी कर्णालीका नागरिकलाई रोजगारीका अवसर उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारले आर्थिक वर्ष २०६३/०६४ को बजेट तथा कार्यक्रम्मा कर्णाली क्षेत्र विकास कार्यक्रम सम्बन्धी विशेष व्यवस्था (बजेट वक्तव्यको बुँदा नं ८४ देखि ९० सम्म) गर्यो । जसमा कर्णाली क्षेत्रमा सञ्चालित कुनै न कुनै आयोजना तथा विकास निर्माणका काममा रोजगारी पाउन नसकेका वा निजी क्षेत्रमा रोजगार वा स्वः व्यवसाय गरी आयआर्जन गर्ने अवस्था नभएका परिवारलाई राहत उपलब्ध गराउने उद्देश्यले कर्णाली अञ्चलमा “एक परिवार एक रोजगार”अभियान प्रयोगको रूपमा सञ्चालन गर्ने घोषणा गरिएको थियो । जसमार्फत कर्णाली रोजगार कार्यक्रम सञ्चालन भयो ।

त्यसै गरी राष्ट्रिय स्वयंसेवा कार्यक्रम, (National Volunteer Program) नेपाल सरकार, राष्ट्रिय योजना आयोग (NPC), राष्ट्रिय विकास स्वयंसेवक सेवा (NDVS) र हिमालयन जलवायु पहल (HCI) को संयुक्त कार्यक्रम हो। राष्ट्रिय स्वयंसेवा कार्यक्रम २५ अप्रिल २०१५ अर्थात् २०७२ बैशाख १२ गते नेपालमा गएको विनाशकारी भूकम्पपछि स्थापित भएको हो। राष्ट्रिय स्वयंसेवा कार्यक्रम नेपाली नागरिकहरुलाई देशका लागि स्वयम्सेवा गर्न, उनीहरूलाई नामांकन, उन्मुखीकरण प्रदान गर्न, र राहत, पुनःस्थापना र पुनर्निर्माण प्रयासमा तैनाथ गर्ने उद्देश्यले स्थापना गरिएको थियो।

राष्ट्रिय स्वयंसेवा कार्यक्रमले स्वयंसेवकहरुलाई यस सम्बन्धमा प्रोजेक्टहरुको विकास गर्न तीब्रता प्रदान गर्ने, र यस्ता परियोजनाहरु कार्यान्वियन गर्न संसाधन जुटाउन नवीन साधनहरूको प्रयोग गर्ने उद्देश्यले स्थापना गरिएको थियो।

ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम, ग्रामीण सामुदायिक पूर्वाधार निर्माण (RCIW) कार्यक्रम स्थानीय विकास मन्त्रालयले २०५३/०५४मा नेपालका २० खाद्यान्न अभाव जिल्लाहरुमा लागू गरेको थियो।डब्ल्यूएफपीले खाना सहयोग प्रदान गर्‍यो र जीटीजेडले कार्यक्रमलाई प्राविधिक सहयोग प्रदान गर्‍यो।कार्यक्रमको उद्देश्यहरू ग्रामीण जनताको लागि खानाको पहुँच सुधार गर्नु, ग्रामीण समुदायको पूर्वाधार सुधार गर्नु र स्थानीय जनताको आफ्नै कार्यक्रमहरू कार्यान्वियन गर्ने क्षमता अभिवृद्धि गर्नु रहेका थिए।

अर्थमन्त्री युवराज खतिवडाले आर्थिक वर्ष २०७५/७६ को बजेटमार्फत बेरोजगारलाई बिना धितो ऋण दिने कार्यक्रम घोषणा गर्नुभयो । सरकारले आर्थिक वर्ष २०७५/७६ को बजेटमा शैक्षिक प्रमाणपत्र धितोमा राखेर कर्जा लिन सकिने लोकप्रिय कार्यक्रम समावेश गरेको थियो ।

समाजमा विद्यमान सबै प्रकारका विभेद, कुरीति र शोषणको अन्त्यका लागि सामाजिक रुपान्तरणको अभियान सञ्चालन गर्दै उद्यमशीलता विकासको माध्यमबाट महिलाहरूको आर्थिक सशक्तीकरण र दिगो विकासको लक्ष्य हासिल गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय महिला दिवस, मार्च ८ (२०७३ फागुन २४) को अवसरमा  राष्ट्रपति विद्यादेवी भण्डारीबाट राष्ट्रपति महिला उत्थान

कार्यक्रमको शुभारम्भ भएको थियो ।

कार्यक्रमका उद्देश्यहरू जीविकोपार्जन सुधार, वित्तीय पहुँच तथा उद्यमशीलताको माध्यमबाट महिलाहरूको आर्थिक सशक्तीकरण गर्दै दिगो विकासको लक्ष्य हासिल गर्न सहयोग पुर्‍याउनु, लैङ्गिक विभेद, हिंसा र सबै प्रकारका कुरीति अन्त्यका लागि सामाजिक रूपान्तरणको अभियान सञ्चालन गर्नु हिंसा पीडित तथा प्रभावितहरूका लागि राहत उद्धार र पुनर्स्थापना सेवा उपलब्ध गराउनु र दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूलाई हवाई उद्धार सेवा सञ्चालन गरी मातृ मृत्युदरमा उल्लेख्य रूपमा कमी ल्याउनु रहेको थियो। महिलाहरूको हक अधिकार सुनिश्चित गर्दै राष्ट्र निर्माणको प्रत्येक तहमा समान सहभागिताको व्यवस्था गर्न, सबै प्रकारका हिंसा, शोषण र विभेदको अन्त्य गरी महिला सशक्तीकरण कार्यक्रमलाई अघि बढाउन राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालनमा ल्याइएको थियो ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोष युवाहरूलाई स्वदेशमै आयआर्जनमा लगाउने र स्वरोजगार बनाउने उद्देश्यसहित २०६५ सालमा कोषको स्थापना भएको थियो । २०६५ सालमा तत्कालीन अर्थमन्त्री बाबुराम भट्टराईले पाँच लाख युवालाई स्वरोजगार बनाउने लक्ष्य राखेर ल्याइएको कार्यक्रम हो । नागरिकहरूमा आर्थिक, सामाजिक स्रोतसाधन र सुविधामा गरिबको पहुँच बढाउने मनसाय राखेर 'गरिबसँग विश्वेश्वर'कार्यक्रम सञ्चालनमा ल्याइएको थियो। त्यति बेला कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री थिए। अर्थमन्त्री थिए, महेश आचार्य। गरिबीको जीवनस्तर उकास्ने सपना देखेका बिपी कोइरालाको नाममा केही कार्यक्रम सञ्चालन गर्ने योजना बनायो,

सरकारले। त्यसबारे मन्त्रीपरिषद्मा छलफल पनि भयो। त्यसपछि २०५६ साल पुसमा 'गरिबसँग विश्वेश्वर'कार्यक्रम सञ्चालन भयो। सरकारले १ फागुन ०७५ मा 'प्रधानमन्त्री रोजगार कार्यक्रम'सुरु गर्यो । ५ वर्षमा ७ लाख युवालाई रोजगारी दिने आकाङ्क्षासहित यस वर्ष मात्रै ३ अर्ब ५ करोड रुपैयाँ विनियोजन गर्यो ।

**तालिका नं. ४**
**स्वरोजगारीको लागि नेपालमा हालसम्म सरकारी निकायबाट सञ्चालित प्रयासहरु**

| क्र. सं. | कोष तथा कार्यक्रमको विवरण | अवधि/ सञ्चालन मिति | कार्यक्षेत्र/मुख्य गतिबिधि |
|---|---|---|---|
| १ | कर्णाली रोजगार कार्यक्रम | आर्थिक वर्ष २०६३/०६४ | साबिक कर्णाली अञ्चलको जुम्ला, हुम्ला, मुगु, डोल्पा र कालिकोट भौगोलिक विकटता एवं आर्थिक पछौटेपनका कारण अधिकांश परिवारका व्यक्तिहरूको परम्परागत पेसा, व्यवसाय वा रोजगारीबाट प्राप्त आम्दानीले जीवन निर्वाह गर्न कठिनाइ र रोजगारीका पर्याप्त अवसरको कमी रहेको तथ्यलाई दृष्टिगत गरी कर्णालीका नागरिकलाई रोजगारीका अवसर उपलब्ध गराउने उद्देश्य"एक परिवार एक रोजगार" अभियान प्रयोगको रूपमा सञ्चालन गर्ने घोषणा गरिएको थियो । |

| | | | |
|---|---|---|---|
| २ | राष्ट्रिय स्वयंसेवा कार्यक्रम | २०७२ बैशाख १२ गते नेपालमा गएको विनाशकारी भूकम्पपछि स्थापित | राष्ट्रिय स्वयंसेवा कार्यक्रम, (National Volunteer Program) नेपाल सरकार, राष्ट्रिय योजना आयोग (NPC), राष्ट्रिय विकास स्वयंसेवक सेवा (NDVS) र हिमालयन जलवायु पहल (HCI) को संयुक्त कार्यक्रम हो। राष्ट्रिय स्वयंसेवा कार्यक्रम २५ अप्रिल २०१५ अर्थात् २०७२ बैशाख १२ गते नेपालमा गएको विनाशकारी भूकम्पपछि स्थापित भएको हो। राष्ट्रिय स्वयंसेवा कार्यक्रम नेपाली नागरिकहरुलाई देशका लागि स्वयम्सेवा गर्न, उनीहरूलाई नामांकन, उन्मुखीकरण प्रदान गर्न, र राहत, पुनःस्थापना र पुनर्निर्माण प्रयासमा तैनाथ गर्ने उद्देश्यले स्थापना गरिएको थियो। |
| ३ | प्रमाणपत्र धितो कर्जा कार्यक्रम | आर्थिक वर्ष २०७५/७६ | सरकारले आर्थिक वर्ष २०७५/७६ को बजेटमा शैक्षिक प्रमाणपत्र धितोमा राखेर कर्जा लिन सकिने लोकप्रिय कार्यक्रम समावेश गरेको थियो । |

| | | | |
|---|---|---|---|
| ४ | राष्ट्रपति महिला उत्थान कार्यक्रम | २०७३ फागुन २४ | महिलाहरूको हक अधिकार सुनिश्चित गर्दै राष्ट्र निर्माणको प्रत्येक तहमा समान सहभागिताको व्यवस्था गर्न, सबै प्रकारका हिंसा, शोषण र विभेदको अन्त्य गरी महिला सशक्तीकरण कार्यक्रमलाई अघि बढाउन राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालनमा ल्याइएको थियो । |
| ५ | युवा तथा साना व्यवसायी स्वरोजगार कोष | २०६५ साल | २०६५ सालमा तत्कालीन अर्थमन्त्री बाबुराम भट्टराईले पाँच लाख युवालाई स्वरोजगार बनाउने लक्ष्य राखेर  ल्याइएको कार्यक्रम हो । |
| ६ | गरिबसँग विश्वेश्वर | २०५६ साल | नागरिकहरुमा आर्थिक, सामाजिक स्रोतसाधन र सुविधामा गरिबको पहुँच बढाउने मनसाय राखेर 'गरिबसँग विश्वेश्वर' कार्यक्रम सञ्चालनमा ल्याइएको थियो। |

| | | | |
|---|---|---|---|
| ७ | ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम | आर्थिक वर्ष २०५३/०५४ | ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रमनेपालका २० खाद्यान्न अभाव जिल्लाहरुमा लागू थियो। डब्ल्यूएफपीले खाना सहयोग प्रदान गर्‍यो र जीटीजेडले कार्यक्रमलाई प्राविधिक सहयोग प्रदान गर्‍यो। कार्यक्रमको उद्देश्यहरू ग्रामीण जनताको लागि खानाको पहुँच सुधार गर्नु, ग्रामीण समुदायको पूर्वाधार सुधार गर्नु र स्थानीय जनताको आफ्नै कार्यक्रमहरू कार्यान्वयन गर्ने क्षमता अभिवृद्धि गर्नु रहेका थिए। |
| ८ | प्रधानमन्त्री रोजगार कार्यक्रम | फागुन १, २०७५ | ५ वर्षमा ७ लाख युवालाई रोजगारी दिने आकाङ्क्षासहित यस वर्ष मात्रै ३ अर्ब ५ करोड रुपैयाँ विनियोजन गर्यो । |

श्रोतः नेपाल म्यागेजिन, २०७५

# ४. नेपालमा स्वरोजगार र रोजगार सम्बन्धी असफल अभ्यासहरू

## ४.१ कर्णाली रोजगार कार्यक्रम

कर्णाली प्रदेशका जुम्ला, हुम्ला, मुगु, डोल्पा कालिकोट अर्थात साबिक कर्णाली अञ्चलको भौगोलिक विकटता एवं आर्थिक पछौटेपनका कारण अधिकांश परिवारका व्यक्तिहरूको परम्परागत पेसा, व्यवसाय वा रोजगारीबाट प्राप्त आम्दानीले जीवन निर्वाह गर्न कठिनाइ र रोजगारीका पर्याप्त अवसरको कमी रहेको तथ्यलाई दृष्टिगत गरी कर्णालीका नागरिकलाई रोजगारीका अवसर उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारले आर्थिकवर्ष २०६३/०६४ को बजेट तथा कार्यक्रममा कर्णाली क्षेत्र विकास कार्यक्रम सम्बन्धी विशेष व्यवस्था (बजेट वक्तव्यको बुँदा नं ८४ देखि ९०सम्म) गर्यो । जसमा कर्णाली क्षेत्रमा सञ्चालित कुनै न कुनै आयोजना तथा विकास निर्माणका काममा रोजगारी पाउन नसकेका वा निजी क्षेत्रमा रोजगार वा स्वःव्यवसाय गरी आयआर्जन गर्ने अवस्था नभएका परिवारलाई राहत उपलब्ध गराउने उद्देश्यले कर्णाली अञ्चलमा "एक परिवार एक रोजगार" अभियान प्रयोगको रूपमा सञ्चालन गर्ने घोषणा गरिएको थियो । जसमार्फत कर्णाली रोजगार कार्यक्रम सञ्चालन भयो ।

राज्यको विकासको मूलप्रवाहीकरणमा भौगोलिक विकटता एवं सेवा–सुविधा र पूर्वाधार विकासको अभावका कारणले दुर्गम एवं विकट अवस्थामा रहेको कर्णाली अञ्चलमा बसोबास गर्ने नागरिकले

पर्याप्त रोजगारी पाउन नसकेका साथै शैक्षिक, आर्थिक, सामाजिक र अन्य क्षेत्रमा समेटिन नसकेको महसुस गरी जनआन्दोलनको भावनालाई कदर गर्दै कर्णाली अञ्चलमा बसोबास गर्ने नागरिकलाई रोजगारी उपलब्ध गराई जीवन–यापनमा सहज गराउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको थियो ।

कर्णाली अञ्चलमा बसोबास गर्ने घर–परिवारहरुले त्यस क्षेत्रमा सञ्चालन भएका कुनै न कुनै आयोजना तथा विकास निर्माणको कार्यमा समेत रोजगारी पाउन नसकेका वा निजी क्षेत्रमा रोजगार वा स्वःव्यवसाय गरी आयआर्जन गर्ने अवस्थामा नभएका घर परिवारका कम्तीमा एक सदस्यलाई वार्षिक एक सय दिन वा रु.पाँच हजारबराबरको रोजगारी दिई गरिबी न्यूनीकरणमा सहयोग पुर्याउनु यस कार्यक्रमको मुख्य उद्देश्य रही आ.ब. २०६३/०६४ मा रु. १८ करोड बजेट विनियोजन भएको थियो ( कर्णाली रोजगार कार्यक्रम सञ्चालन् कार्यविधि, २०६४) ।

कर्णाली रोजगार कार्यक्रम सञ्चालित कार्यविधि, २०६४ मा उल्लेखित १०० दिन रोजगार दिने उल्लेख छ । यो कार्यक्रमको नाम सुरुमा "एक परिवार एक रोजगार" भएकै कारण कर्णाली अञ्चलका बासिन्दामा भ्रम पैदा हुन गई हामीमा आएको रकम बाँडिचुँडी खान पाउनुपर्छ भन्ने गलत बुझाई रह्यो । जसले गर्दा कार्यक्रम सञ्चालन भएको दोस्रो वर्षमा नै कार्यक्रमको नाम संशोधन गरी कर्णाली रोजगार कार्यक्रम नाम राखियो (हाम्रो अनलाइन, २०७३) ।

२०६४ बाट कर्णालीका जुम्ला, मुगु, कालिकोट, डोल्पा र हुम्लाका आर्थिक तथा विपन्न परिवारका सदस्यलाई उत्पादन वृद्धि तथा आयआर्जन कार्यक्रम, सीप विकास तथा स्वरोजगार सिर्जना

गर्ने, सामुदायिक पूर्वाधार विकास, सामाजिक विकास र ११ दिन बराबरको मौसमी रोजगारी सिर्जना गर्ने भनिएको थियो । तर योजना आयोगको मूल्याङ्कनमा कार्यक्रम उद्देश्य बाहिर गएको भेटियो ।

कतिसम्म भने करिब ६९ हजार घरपरिवार रहेको कर्णालीमा यो कार्यक्रमले १ लाखभन्दा बढी घरपरिवारका सदस्यलाई रोजगारी दिएकोसम्म तथ्याङ्क तयार गर्यो । कर्णालीका ती ५ जिल्लामा करिब ५० प्रतिशत गरिब परिवार थिए । ती ५०प्रतिशत अर्थात करिब ३५ हजार घर परिवारका सदस्यका लागि सञ्चालन हुनुपर्ने थियो । तर कर्णालीका सबै परिवारका लागि कार्यक्रम सञ्चालन गरियो र त्यसको सीधा तथ्यांक चाहिँ १ लाख परिवार नाघ्ने गरी आयो । बदमासीको यो हदसम्मको कार्यक्रम सञ्चालन हुँदापनि सरकारले पुर्नमुल्यांकन गर्न उचित ठानेन । फिनल्यान्ड सरकारको २५ करोड ९६लाख१०हजार रुपैयाँ सहयोगमा तत्कालीन स्थानीय विकास मन्त्रालयले कार्यक्रम सञ्चालन गरेको थियो (नेपाल म्यागेजिन, २०७५) ।

कर्णाली रोजगार कार्यक्रमलाई 'डिएफआइडी'ले समेत सहयोग गरेको थियो । 'कर्णाली रोजगार कार्यक्रम'ले उत्पादन वृद्धि तथा आयआर्जन कार्यक्रम, सीप विकास तथा स्वरोजगार सृजना गर्ने विभिन्न कार्यक्रम सञ्चालन गर्यो । सामुदायिक पूर्वाधार विकास कार्यक्रम, सामाजिक विकास कार्यक्रम र ११ दिन बराबरको मौसमी रोजगार सृजना गर्ने जस्ता क्रियाकलाप अघि बढाइएको थियो । कार्यक्रम सफल बनाउन विभिन्न समयमा बजेट पनि छुट्ट्याइयो । दाताहरुबाट पनि पैसा नआएको हैन । २०७४/७५ सम्म पनि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले बजेट विनियोजन गर्यो ।

यस कार्यक्रमलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने भन्दै 'कर्णाली रोजगार कार्यक्रम निर्देशिका– २०७१' नै तयार पारिएको थियो । निर्देशिकामा विपन्न तथा बेरोजगार परिवारको सामाजिक सशक्तीकरण, आधारभूत पूर्वाधारमा पहुँच र आयआर्जनका माध्यमबाट जीवनस्तरमा सुधार गरी सामाजिक संरक्षण प्रवर्द्धन गर्ने बताइएको थियो (कर्णाली रोजगार कार्यक्रम निर्देशिका– २०७१) ।

अहिले 'कर्णाली रोजगार कार्यक्रम' बन्द भइसकेको छ । बर्सेनि बजेट छुटाइँदै आएपनि त्यसले उचित प्रतिफल पाउन नसकेको आरोप कार्यक्रमले खेप्यो । आर्थिक अपारदर्शिता भएको, बजेट खर्च हुन नसकेको जस्ता कारणले कार्यक्रमबाट उचित प्रतिफल पाउन नसकिएको बताइयो । कसैकसैले त यसलाई कार्यकर्ता पाल्ने मेलोको रूपमा पनि लिए । रोजगार कार्यक्रमका प्राविधिक र कर्मचारीले कमिसन मागेको पनि सञ्चार माध्यममा आयो । सदरमुकाममा बस्ने केही टाठा–बाठा, शिक्षित तथा राजनीतिक दल समर्थित व्यक्तिहरूले मात्र सरकारी सुविधाको उपभोग गर्ने, दूरदराजका मान्छे राज्यको पहुँचमा आउनै नसकेको कार्यक्रममा जोडिएका कर्मचारीहरूकै भनाई थियो । आफूखुसी कर्मचारी भर्ती गरेको पनि बताइयो ।  योजनाहरू पनि के आधारमा छानिए भन्ने प्रस्ट थिएन । यसको फलतः पहुँचवाला मान्छेको हातमा सेवासुविधा पुग्यो भने पिछडिएका मान्छेको अवस्था उकालो लागेन ।

त्यतिबेला एक सय दिनको रोजगारी उपलब्ध गराउने कार्यक्रमको योजना थियो । त्यसैले एक परिवार, एक रोजगार अभियान अन्तर्गत कार्यक्रम अघि बढेको थियो । पढेलेखेका मान्छेहरू कम थिए, उनीहरूलाई काम दिँदा जीवन निर्वाह गर्न सक्छन् भन्ने अनुमान

गरेर कार्यक्रम अघि बढाइएको थियो । तर, त्यसका लागि पर्याप्त अभ्यास भएको थिएन । न बेरोजगारी परिचय पत्र बाँडिएको थियो न गणना गरिएको थियो । कार्यक्रम अन्तर्गत बजेट गाउँमा पुगेपछि सबै किसिमका मान्छे अभियानसँग जोडिन आइपुगे । पहुँच हुने मान्छे आर्थिक रुपमा लाभान्वित भए । पहुँच नहुने मान्छे छुटे । सफल नहुनु मात्र हैन, परिवार विखण्डन गरेको आरोप पनि रोजगार कार्यक्रमले खेप्यो । मिलेर बसेका परिवारलाई फुटाएको आरोप पनि यो कार्यक्रमलाई लाग्ने गरेको छ । दाईभाइमा फुट ल्याएको भन्दै कार्यक्रमको विरोध भएको घटना पनि नौलो हैन । रोजगारकै कारण परिवारमा फुट आएको थियो । बेग्लै परिवार भएपछि त जागिर पाइने भइयो । पहिला सँगै बसेकाहरू, हामी छुट्टियौँ भन्दै जागिर माग्न आउँथे । पैसा पाउने आसमा परिवार नै विखण्डन भयो । कतिले चाहिँ विखण्डन भएको नाटक गरेर पनि पैसा कुम्ल्याए । कार्यक्रम सुरु गर्दा निर्वाह भत्ता दिनेबारे पनि छलफल भएको थियो । तर, पैसामात्र दिँदा फलदायी हुँदैन भन्ने लागेर रोजगार दिने सहमति भएको थियो ।

कार्यक्रम जुन मनसाय राखेर स्थापना गरिएको थियो त्यसमा सफल हुन नसकेको भैरव रिसालले समेत स्वीकारेका छन् । ‘त्यहाँ बदमासी गरिदिए । जसको रोजगारी छ, जो अड्डामा काम गर्छ, उसले पनि बेरोजगार भनेर पैसा लियो ।’ पछि पछि त कामलाई भन्दा मान्छे हेरेर पैसा दिन थालिएको बताउँछन्, उनी । नियमित तलब आउनेले पनि बेरोजगार भन्दै पैसा लिएको थुप्रै उदाहरण देखे रिसालले (नागरिकन्युज२०७५) ।

## ४.२ गरिबसँग विश्वेश्वर

नेपाली समाजको विद्यमान समस्या हो– गरिबी । विपन्न जनताको आर्थिक, सामाजिक स्तर उकास्नु अहिले पनि चुनौतीकै विषय हो । यही चुनौतीलाई मध्यनजर गर्दै आर्थिक, सामाजिक स्रोतसाधन र सुविधामा गरिबको पहुँच बढाउने मनसाय राखेर 'गरिबसँग विश्वेश्वर' कार्यक्रम सञ्चालनमा ल्याइएको थियो । त्यति बेला कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री थिए । अर्थमन्त्री थिए, महेश आचार्य । गरिबीको जीवनस्तर उकास्ने सपना देखेका बिपी कोइरालाको नाममा केही कार्यक्रम सञ्चालन गर्ने योजना बनायो, सरकारले । त्यसबारे मन्त्रीपरिषद्मा छलफल पनि भयो । त्यसपछि २०५६ साल पुसमा 'गरिबसँग विश्वेश्वर' कार्यक्रम सञ्चालन भयो । कार्यक्रमले आर्थिक रूपमा अति विपन्न परिवारलाई विकास प्रक्रियामा संलग्न हुने अवसर सृजना गर्न खोजेको थियो । जसले गर्दा गरिबको आत्मविश्वास बढ्नुको साथै विकास प्रक्रियाको तर्जुमा, कार्यान्वयन र सञ्चालनमा सक्रिय सहभागिता हुने आशा गरिएको थियो । गरिब जनतालाई देशको विकास प्रक्रियामा संलग्न गराउने कार्यक्रमको उद्देश्य थियो । कार्यक्रमको निर्देशिकाअनुसार तत्कालीन गाविसले जिल्लाभरिका उपेक्षित, उत्पीडित, गरिब, विपन्न, सीमान्तकृत मान्छेलाई छान्थ्यो । समाजमा अपहेलित वर्ग जसको शिक्षा, स्वास्थ्य, कृषिमा कम पहुँच हुन्थ्यो, उनीहरू पनि गरिबीको रेखामुनि रहेको मानिन्थ्यो ।

गरिब छान्न मुख्यतः चार वटा मापदण्ड राखिएको थियो– भूमि, पुँजी, तालिम र रोजगारी । गरिब छानिसकेपछि उनीहरूलाई सशक्तीकरण गर्ने प्रक्रियामा तीन वटा पक्षलाई ध्यान दिइएको थियो । पहिलो, गरिबको सङ्गठन निर्माण गर्ने । दोस्रो, बचतको

बानी बसाल्ने । तेस्रो, सीपमूलक बनाउने । काँग्रेस सरकारले ल्याएको भन्दै यसलाई अहिले पनि काँग्रेसी कार्यक्रमको रूपमा लिने गरिन्छ । कार्यक्रम सुरु हुँदै गर्दा पनि यसलाई काँग्रेसले भोटका लागि सञ्चालन गरेको भन्ने आरोप नलागेको हैन । कतिपय त यसलाई काँग्रेसी नेताहरूले नै असहयोग गरेको आरोप लगाउँछन् ।

कार्यक्रमलाई निरन्तरता दिन गाउँ गाउँ पुगेर गरिबको समूह निर्माण गरियो । समूहलाई सञ्चालन गर्न सामाजिक परिचालक पनि नियुक्त भए । उनीहरूले समूहको बैठक बोलाउनेदेखि तालिमसमेत दिन्थे । कार्यक्रमले लक्षित समूहबाट माग भई आएका स–साना ग्रामीण पूर्वाधार कार्यक्रम खानेपानी, डिप ट्युबवेलका साथै रोजगारमूलक तालिम, सिँचाइ, कुवा मर्मत, गोरेटो बाटो एवं अन्य आय आर्जनका क्रियाकलाप सञ्चालन गरेको थियो । २०५८ सालसम्म कार्यक्रम राम्रैसँग चल्यो । २ सय ५ वटा निर्वाचन क्षेत्रबाट सुरु भएको कार्यक्रम ४ सय २१ वटा गाविससम्म फैलिसकेको थियो । समूहलाई सञ्चालन गर्नका लागि सबै ४ सय २१ जना सामाजिक परिचालकहरु पनि खटिइसकेका थिए ।

२०५८ सालपछि नेपाली राजनीतिमा उतारचढाव आयो । राजा ज्ञानेन्द्रले सम्पूर्ण शक्ति आफूमा केन्द्रित गर्न खोजे । राजनीतिक दलहरुकमजोर भए । यो सँगै 'गरिबसँग विश्वेश्वर' कार्यक्रम पनि ओरालो लाग्न थाल्यो । त्यसपछि गाउँहरूमा कार्यक्रम सञ्चालन गर्न गाह्रो भयो । जुन रफ्तारमा आफ्नो कार्यक्रम गरिरहेको थियो त्यसमा ब्रेक लाग्यो । सुस्तरी–सुस्तरी यो कार्यक्रम ०६१/६२ सालसम्म त टिक्यो तर त्यसपछि भने अगाडि बढाउनै नसक्ने अवस्था आयो । कार्यक्रमका लागि छुटाइँदै आएको बजेट पनि आउन छाड्यो (नागरिकन्युज, २०७५) ।

## ४.३ राष्ट्रिय स्वयंसेवा कार्यक्रम

त्यस्तै, अर्को असफल र प्रभावहीन कार्यक्रम हो, राष्ट्रिय स्वयंसेवा कार्यक्रम । योजना आयोग अन्तर्गत सञ्चालन हुने कार्यक्रमले एकटकमा १ हजार ५ सय युवालाई परिचालन गर्न सक्थ्यो । प्रभावहीन कार्यक्रमलाई आयोगले अहिले युवा स्वरोजगार कोषमा पठाएको छ (नेपाल म्यागेजिन, २०७५) । राष्ट्रिय स्वयंसेवा कार्यक्रम, (National Volunteer Program) नेपाल सरकार, राष्ट्रिय योजना आयोग (NPC), राष्ट्रिय विकास स्वयंसेवक सेवा (NDVS) र हिमालयन जलवायु पहल (HCI) को संयुक्त कार्यक्रम हो । राष्ट्रिय स्वयंसेवा कार्यक्रम २५ अप्रिल २०१५ अर्थात् २०७२ बैशाख १२ गते नेपालमा गएको विनाशकारी भूकम्पपछि स्थापित भएको हो । राष्ट्रिय स्वयंसेवा कार्यक्रम नेपाली नागरिकहरुलाई देशका लागि स्वयम्सेवा गर्न, उनीहरूलाई नामांकन, उन्मुखीकरण प्रदान गर्न, र राहत, पुनःस्थापना र पुनर्निर्माण प्रयासमा तैनाथ गर्ने उद्देश्यले स्थापना गरिएको थियो ।

## ४.४ युवा तथा साना व्यवसायी स्वरोजगार कोष

युवा तथा साना व्यवसायी स्वरोजगार कोष युवाहरूलाई स्वदेशमै आयआर्जनमा लगाउने र स्वरोजगार बनाउने उद्देश्यसहित ०६५ सालमा कोषको स्थापना भएको थियो । २०६५ सालमा तत्कालीन अर्थमन्त्री बाबुराम भट्टराईले पाँच लाख युवालाई स्वरोजगार बनाउने लक्ष्य राखेर  ल्याइएको कार्यक्रम असफल भएको छ । कोषबाट ऋण लिएर नियमित ब्याज भुक्तानी गर्दै आएका ऋणीलाई सरकारले ६० प्रतिशतसम्म ब्याज अनुदान दिँदै आएको थियो ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोषले १८ वर्ष माथिका र ५० वर्ष भन्दा मुनिका युवाहरूका लागि कर्जा सुविधा उपलब्ध गराउँथ्यो । कोषबाट कर्जा लिन च्याहाने बैङ्क, वित्त वा सहकारी संस्थाहरूले प्रति संस्था ५० लाख रुपैयाँ पाउने वर्तमान व्यवस्था छ । जस अनुसार प्रतिव्यक्ति दुई लाख रुपैयाँसम्म कर्जा पाइन्छ । यसका लागि कुनै पनि धितो राख्नुपर्दैन (बैंकिङ खबर, २०७५) । युवालाई ऋण दिन आवश्यक चाँजोपाँजो मिलाइदिन युवा तथा साना व्यवसाय स्वरोजगार कोष बनाइयो । सुरुमा बैङ्क तथा वित्तीय संस्थाले कोषमार्फत पैसा लगानी गरे पनि अहिले भने कोष बजेटविहीन बनेको छ । बर्सेनि ५० हजार युवालाई स्वरोजगार बनाउने भनिए पनि १० वर्षमा मुस्किलले ४० हजार युवाले मात्र ऋण पाए । तीमध्ये धेरैजसो स्वरोजगार भने भएका छैनन् । कतिपय पार्टीका कार्यकर्ताले नै ऋण पाएका छन् । कोषमा पैसा सरकारले पठाउने होइन । कोषले विभिन्न स्वरोजगार कोषका लागि पैसा जुटाउँछ । त्यसरी जम्मा भएको पैसा सम्बन्धित बैङ्कबाट ऋणीहरूलाई उपलब्ध गराउँछ । तर अहिले ऋण माग्ने युवालाई दिने पैसा कोषको खातामा मौज्दात छैन (सेतोपाटी, २०७५) ।

स्वरोजगार कोषबाट ऋण लिन सुरुमा ५ लाख युवाले निवेदन दिएका थिए । कोषले दुई लाख पैसा र तालिमको व्यवस्था मिलाइदिन्थ्यो । नेपाल उद्योग वाणिज्य महासङ्घका जिल्ला शाखाले विभिन्न शीर्षकमा तालिम चलाए । ३ लाख युवाले तालिम लिएको महासङ्घको तथ्याङ्क छ । तालिम नलिएका युवाको नाम पनि सूचीमा समावेश गरिएको आरोप लागेपछि तालिम व्यवस्था नै खारेज गरियो । धेरैजसो बैङ्कले बिना धितो कर्जा दिन मानेनन् । बिना धितो १२ प्रतिशत ब्याजमा ऋण दिन बैङ्क तयार भएनन् । बैङ्कले नपत्याएपछि कोष सचिवालयले अर्को

उपाय निकाल्यो सहकारीमार्फत कर्जा दिने । विभिन्न जिल्लाका २४८ सहकारीले कर्जा दिए । विकास बैङ्कले नटेरेपछि कृषि विकास बैङ्क तथा राष्ट्रिय वाणिज्य बैङ्कबाट पनि कोषले कर्जा दिने मेसो मिलायो । ऋण दिएका बैङ्क तथा सहकारीले पैसा उठाउन सकेका छैनन् । दलका कार्यकर्ताले नक्कली कागजात देखाएर कोषबाट ऋण लिए पनि व्यवसाय गरेनन् र समयमै ब्याज तथा कर्जा तिरेनन् (सेतोपाटी, २०७५) ।

युवा स्वरोजगार कोषको ऋण नतिर्ने जनप्रतिनिधि र सञ्चालक कालोसूचीमा परे । कोषले ओखलढुङ्गा जिल्लामा अधिकांश सहकारीमार्फत लगानी गरेको कर्जा फिर्ता नगर्नेलाई कालोसूचीमा राखेर सरकारी सेवा सुविधा रोक्का गर्न स्थानीय सरकार र जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गर्यो । त्यस्ता सहकारीमार्फत लगानी गरिएको ८१ लाखभन्दा बढी कर्जा असुली नभएपछि कोषले असुलीको प्रक्रिया थाल्यो । पहुँचका आधारमा कर्जा लिएर अटेर गर्ने जनप्रतिनिधि र सञ्चालकलाई कालोसूचीमा राखिएको कोषले जनाएको छ । ऋणीले अटेर गर्दा ओखलढुङ्गाका चार सहकारीका सञ्चालक, लेखा तथा ऋण समितिका ५८ जना कालोसूचीमा परे । कालोसूचीमा पर्नेमा गाउँपालिकाका उपप्रमुख, वडाध्यक्ष देखी सञ्चालकसम्म थिए । उनीहरूको घरजग्गा रोक्का र जिल्ला प्रशासन, जिल्ला समन्वय समिति र गाउँपालिकाबाट दिइने सेवासमेत रोकियो । कोषले ६ वर्ष लगानी गरेको करिब ८१ लाख कर्जा उठेको छैन । युवालाई सहुलियत ब्याजदरमा लगानी गर्न सहकारीले लिएको सस्तो दरको कर्जाको साँवा, ब्याज र हर्जासहित ८१ लाख ७५ हजार ३ सय ९० कोषलाई तिर्न बाँकी देखियो । यसरी कर्जा लिएर नतिर्ने सहकारीमा नागरिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड यसमा, मानेभञ्ज्याङ बचत तथा ऋण सहकारी

संस्था, ककनी गौरी वन कृषि सहकारी संस्था बिन्दु र बल्खु कृषि सहकारी संस्थाले स्वरोजगार कोषबाट लिएको कर्जा तिर्न बाँकी छ । यी चार सहकारी संस्थाले २०६९ सालदेखि कर्जाको साँवा र ब्याज बुझाएका छैनन् ।

युवालाई स्वरोजगार बनाउन राज्यले दिएको रकम लिएर सञ्चालकले आफन्त, नजिकका व्यक्ति र आफू सम्बद्ध पार्टीका नेतालाई लगानी गरी कर्जा फिर्ता नगर्दा कोषको रकम दुरुपयोग भएको हो (अन्नपुर्णपोष्ट, २०७५) ।

कार्यक्रमको उद्देश्य सीप र जाँगर भएका तर पैसा नभएका युवालाई रोजगारीको अवसर सिर्जना गर्नु थियो । तर, कार्यक्रम सञ्चालनको तरीका र त्यसको प्रतिफल उद्देश्यभन्दा फरक भएको खोज पत्रकारिता केन्द्रको नवलपरासी र पाल्पामा गरिएको अध्ययनको रिपोर्टमा पाइयो ।

स्वरोजगार कोषबाट कर्जा लिन नपाउने हुँदा हुँदै पनि कर्जा लिएका स्थानीय सहकारी संस्थाले किर्ते ऋणी खडा गरेको थियो । सरकारी कर्मचारीका परिवार र स्वयं आफ्ना कर्मचारीका नाममा ऋण लगानी गरेको देखाइएको छ, जुन स्वरोजगार कोषको मापदण्ड विपरीत छ ।

बुटवलमा केन्द्रीय कार्यालय रहेको एक बैङ्कले स्वरोजगार कोषबाट कर्जा लिएर नवलपरासी र रुपन्देहीका युवामा लगानी गर्यो । तर, बैङ्क बेरोजगार युवालाई स्वरोजगार बनाउनतिर लागेन बरु विभिन्न संस्थाका सञ्चालक र प्रोप्राइटरलाई यो सुविधा उपलब्ध गरायो । सहुलियत कर्जा लिनेमा अध्यापक र कर्मचारी पनि थिए ।

नवलपरासीमा मात्रै कोषको १८ सहकारी र दुई बैङ्कमार्फत२०७२ फागुनसम्म करिब रु १० करोड लगानी थियो । विपन्न र बेरोजगारलाई अवसर दिन गठन भएको स्वरोजगार कोषबाट ऋण पाउनेहरू सबैजसो हुनेखाने र पहुँचवाला थिए । उनीहरूले यो कर्जा लिनुको एक मात्र उद्देश्य सस्तो ब्याज हो । तर, यसको सोझो असर चाहिँ ती युवालाई परेको छ, जससँग केही गर्ने जाँगर छ तर पैसा छैन । उनीहरूलाई सस्तो ब्याजमा कर्जा दिएर उद्यमशील बनाउन सरकारले यो कार्यक्रम ल्याएको हो  (खोज पत्रकारिता केन्द्र २०७३) ।

कोषले सहकारी र बैङ्कमार्फत 'बेरोजगार युवालक्षित' कर्जा प्रवाह गर्दै आएको बताइए पनि कोषले कर्जा प्रवाह गरेका कतिपय बैङ्क र सहकारीले भने बेरोजगार युवाभन्दा पनि सहकारीका सञ्चालक र प्रोप्राइटरका लागि ऋण लगानी गरेको भेटिएको छ । सतर्कता केन्द्रले गरेको छानबिन अनुसार कोषलाई जानकारी हुँदाहुँदै पनि 'गलत उद्देश्य' भएका सहकारी र बैङ्कहरूलाई कर्जा प्रवाह गरिएको भेटिएको छ । सहकारी र बैङ्कमार्फत हुने गरेको ऋण लगानीमा पनि धेरै ठाउँमा कोषको नियमावली र मापदण्ड मिचिएको पाइएको छ (लोकान्तर डटकम २०७५) ।

तत्कालीन अर्थमन्त्री बाबुराम भट्टराईको अवधारणामा सुरु भएको यो कार्यक्रम खासमा केही वर्ष पार्टीका कार्यकर्ता पाल्नका लागि सहज भइदियो । यो विषय युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालयको भविष्यसङ जोडिएर उठेको छ । आर्थिक अनियमितताका कारण निरन्तर विवादमा पर्दै आएको यो कोष अब केही समयमै नरहने सम्भावना बढेको छ । सरकारले कोषसहित गरिबी निवारण कोष र यस्तै एकै प्रकृतिका केही संस्था मर्जरमा

लैजान लागेको छ । मर्जरमा लगिएका ती संस्थाहरुको संयुक्त नाम रोजगार प्राधिकरण राख्न खोजिएको छ । तर, अहिलेसम्म सबै मुद्दा टुङ्गो लागेको छैन । गरिबी निवारण कोष सरकारले बन्द गर्ने निर्णय गरिसकेको छ ।

आन्तरिक समस्याले थलिएका साना व्यवसायी तथा युवा स्वरोजगार कोषलाई अहिले प्रधानमन्त्री रोजगार कार्यक्रमको छायाँमा परेको छ । कोष स्थापनाको १० वर्षमा उद्देश्य विपरीत मात्र चलेन, आर्थिक अराजकताको नमुना पनि बन्यो । त्यतिले नपुगेर दलका कार्यकर्ताको भर्ती केन्द्र बनेको कोषमा कर्जा लिने र नतिर्ने पनि पार्टीका कार्यकर्ता नै भए । बेरोजगार युवालाई स्वरोजगारका लागि युवा तथा साना व्यवसायी स्वरोजगार कोषमार्फत अभिमुखीकरण, व्यावसायिक तथा सीपमूलक तालिमसमेत दिई २ लाख रुपैयाँ कर्जा उपलब्ध गराउन आकर्षक नारासहित आए पनि वास्तविक बेरोजगारसम्म भने पुगेको छैन । सहकारीमार्फत लगानी गरेको कोषको करिब ८ अर्ब कर्जा प्रवाहमै समस्या छ । राष्ट्रिय सतर्कता केन्द्रले २३ फागुन ०७४ मा कोषमाथि छानबिन गर्न कमलप्रसाद अधिकारीको नेतृत्वमा समिति गठन गर्‍यो । केन्द्रले कास्की, धादिङ, सुनसरी र धनुषामा स्थलगत निरीक्षणपछि अनियमितताको फेहरिस्त उतार्‍यो । १ माघ ०७३ को कोष सञ्चालक समिति बैठकले ऋणीसँग १० प्रतिशतभन्दा बढी ब्याज लिन नपाउने निर्णय गरेको थियो ।  तर जिल्लाका सहकारीले १० प्रतिशतभन्दा बढी ब्याजमा कर्जा लगाएको भेटिँदा पनि कोषले कारबाही गरेको देखिएन (नेपाल म्यागेजिन, २०७५) । स्वरोजगार कार्यक्रममा लगानी गरिएको करिब १७ करोड रुपैयाँ ऋण डुब्ने जोखिम बढेको कोषले बताउँदै आएको छ । स्वरोजगार बनाउका प्रवाह गरिएको ऋण चुक्ता नहुँदा सो रकम डुब्ने जोखिम रहेको हो ।

## ४.८ प्रमाणपत्र धितो कर्जा कार्यक्रम

अर्थमन्त्री युवराज खतिवडाले आर्थिक वर्ष २०७५/७६ को बजेटमार्फत बेरोजगारलाई बिना धितो ऋण दिने कार्यक्रम घोषणा गरे । स्वरोजगार कार्यक्रम नेपालमा बजेटमार्फत आउँदै र हराउँदै गर्ने विषय हो । सरकारले आर्थिक वर्ष २०७५/७६ को बजेटमा शैक्षिक प्रमाणपत्र धितोमा राखेर कर्जा लिन सकिने लोकप्रिय कार्यक्रम समावेश गरेको थियो । तर, यो कार्यक्रम एक वर्षभित्रै असफलता उन्मुख देखिएको छ । शिक्षित युवा स्वरोजगार कर्जा प्रतिव्यक्ति ७ लाख रुपैयाँसम्म उपलब्ध गराइन्छ । 'क' वर्गका विभिन्न वाणिज्य बैङ्कहरूले यस्तो कर्जा दिन्छन् । अर्थ मन्त्रालयले बनाएको कार्यविधी अनुसार सरकारले शैक्षिक कर्जाजस्तै विभिन्न ७ शीर्षकमा सहुलियत कर्जा उपलब्ध गराउँछ । तर, ती सबै कर्जामा खासै जनआकर्षण देखिएको छैन ।

सबैभन्दा बढी व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा शीर्षकमा ५ करोड रुपैयाँसम्म पाइने व्यवस्था छ । यस्तो कर्जाको भुक्तानी अवधि बढीमा ५ वर्ष हुन्छ । १० लाख रुपैयाँभन्दा बढीको ऋणमा व्यावसायिक परियोजना नै धितोको रूपमा रहन्छ । यो कार्यविधिले विदेशबाट फर्किएका युवाहरूलाई, महिलालाई र शिक्षित बेरोजगारहरूलाई पनि स्वरोजगार बनाउन सहुलियत कर्जा दिने व्यवस्था गरेको छ । लोकप्रिय कार्यक्रम भएका कारण सुरुमा निकै प्रशंसा पाए पनि कार्यान्वयनको अवस्था भने निराशाजनक छ (अनलाइनखबर, २०७६) ।

सरकारले युवालाई स्वरोजगार बनाउन ल्याएको 'सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि

२०७५’ बैङ्कले कार्यान्वयन गर्न मानेका छैनन् । कार्यविधिअनुसार सहुलियतपूर्ण कर्जा प्रवाहका लागि बैङ्कको लगानी र व्यवसायीको बिमा गरे पनि बैङ्कले लगानी गर्न नमानेका हुन् । देशका बेरोजगार युवालाई स्वरोजगार बनाउन अर्थ मन्त्रालयले उक्त कार्यविधि ल्याएको हो । कार्यविधिअनुसार बैङ्कले युवालाई सहुलियतपूर्ण रूपमा २०७५ कात्तिक २० गतेदेखि नै ऋण उपलब्ध गराउनुपर्ने रहेको थियो । बैङ्कले लगानीको सुरक्षा नभएको भन्दै ऋण दिन मानेका छैनन् । सरकारको बेरोजगार चार लाख युवालाई वार्षिक रूपमा उक्त कार्यविधिअनुसार कर्जा प्रवाह गरेर स्वरोजगार बनाउने योजना रहेको छ । उक्त योजना राष्ट्रिय युवा परिषद्ले सहजीकरण गरेर कार्यविधि गत असोजमा पारित गरिएको थियो । कार्यविधिमा बैङ्क तथा वित्तीय संस्थाले सहुलियत दरमा बेरोजगार युवालाई पाँच प्रतिशतको दरले १० लाखसम्म बिना धितो र १० लाखभन्दा बढी ऋण प्रवाह गर्दा अनिवार्य धितो राख्नुपर्ने उल्लेख छ । उक्त कार्यविधिअनुसार बैङ्कले व्यावसायिक कृषि तथा पशुपक्षी कर्जा रु पाँच करोड, शिक्षित युवा स्वरोजगार कर्जा सात लाख, विदेशबाट फर्किएका युवा परियोजना कर्जा १० लाख, महिला उद्यमी १५ लाख, दलित समुदाय व्यवसाय कर्जा १० लाख, उच्च र प्राविधिक तथा व्यवसायी शिक्षा कर्जा पाँच लाख र भूकम्पपीडितको निजी आवास निर्माण कर्जा तीन लाख उपलब्ध गराउने उल्लेख गरिएको छ । बैङ्कको लगानी डुबे सो कार्यविधिमा नेपाल राष्ट्र बैङ्कको निरपेक्ष तथा कर्जा सुरक्षण कोषबाट ७५ प्रतिशत सोध भर्ना गर्न पाउने व्यवस्था रहेको छ (देशसञ्चार, २०७५) ।

## ४.६ प्रधानमन्त्री रोजगार कार्यक्रम

सरकारले १ फागुन ०७५ मा 'प्रधानमन्त्री रोजगार कार्यक्रम' सुरु गर्यो । ५ वर्षमा ७ लाख युवालाई रोजगारी दिने आकाङ्क्षासहित यस वर्ष मात्रै ३ अर्ब ५ करोड रुपैयाँ विनियोजन गर्यो । नेपालमा काम नपाएर बेरोजगार भएका भन्दा पनि काम नगरेर बेरोजगार हुने सङ्ख्या बढी छ । अहिले करिब १ करोड ९७ लाख श्रम शक्तिमध्ये निष्क्रिय करिब ३८ लाख २२ हजार छ । अझ ५० प्रतिशत श्रम शक्ति अनौपचारिक क्षेत्रमा सक्रिय रहेकाले बेरोजगारको सङ्ख्या यकिन गर्न समस्या छ ।

कार्यक्रम सञ्चालनका लागि पहिलो जटिलता बेरोजगार पहिचानमा छ । वर्षमा करिब ५ लाख १२ हजार युवायुवती श्रम बजारमा आउने अनुमान छ । तर बेरोजगारको आधिकारिक सङ्ख्या योजना आयोग र अर्थ मन्त्रालय कतै पनि छैन । अझ नेपालमा ५० प्रतिशत मानिसले अनौपचारिक क्षेत्रमा काम गर्छन् ।

दोस्रो जटिलता अनुगमनमा हुनेछ । रोजगारी वा निर्वाह भत्ता पाउन फारम भर्ने व्यक्ति बेरोजगार हो भन्ने पुष्टिका लागि अनुगमनमा समस्या हुने देखिन्छ । त्योभन्दा जटिल पक्ष भनेको उधारोमा काम लगाउने हुन सक्छ । काम लगाउने तर रकम ढिला दिने समस्या हुन्छ, भारतमा पनि रोजगार कार्यक्रममा ७५ प्रतिशत काम उधारोमा हुन्छ । नेपालमा सीप नभएको जनशक्ति बढी छ । राजनीतिक कार्यक्रम भएकाले विगतको अनुभवमा रोजगार कार्यक्रम वास्तविक बेरोजगारभन्दा पनि कार्यकर्ता भर्ती केन्द्र बन्ने खतरा छ । यसको गतिलो उदाहरण साना व्यवसायी तथा युवा स्वरोजगार कोष देखिन्छ (नेपाल म्यागेजिन, २०७५) ।

सरकारको लोकप्रिय मानिएको ‘प्रधानमन्त्री रोजगार कार्यक्रम’ले बेरोजगारी समस्या समाधान गर्न सफल भएको देखिँदैन । देशभित्र विभिन्न कारण बेरोजगारी दर बढ्दै गए पनि सरकारले रोजगारका अवसर सिर्जना गर्न पहल गरेको पाइँदैन । प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि सरकारले आर्थिक वर्षैपिच्छे बजेट बढाउँदै गएको छ । तर, बजेटअनुसार बेरोजगारी समस्या समाधान गर्नका लागि भूमिका निर्वाह गरेको देखिँदैन । प्रधानमन्त्री रोजगार कार्यक्रमले वास्तविक बेरोजगार नागरिकलाई समेट्न नसकेको रोजगार विज्ञहरूले औँल्याउँदै आएका छन् ।

विश्व बैङ्कले प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि १३ अर्ब रुपैयाँको सहुलियत ऋण प्रदान गर्ने भएपछि उक्त ऋणअन्तर्गत सन् २०१९ देखि सन् २०२४ सम्ममा सरकारले युवा रोजगारीका लागि रूपान्तरण पहल योजना कार्यक्रम सुरु गरेको हो । यो कार्यक्रमका लागि विश्व बैङ्कबाट ऋण लिनुपर्ने जरुरी नभएको रोजगार विज्ञले बताइरहेका छन् (शिलापत्र, २०७६) ।

# ५. सुदूरपश्चिम प्रदेशको स्वरोजगार कोष स्थापना गर्ने सम्बन्धमा बनेको नीति

सुदूरपश्चिम प्रदेश सभाको बैठकमा स्वरोजगार कोष स्थापना गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ पेस भएको थियो । पुजिन् एवम् लगानीको स्रोतको अभाव भएका प्रदेशका बेरोजगार जनशक्तिलाई सीप सिकाई उद्यमशीलताको विकास, उत्पादनमा अभिवृद्धि, रोजगारीका अवसरको सृजना गर्न एवम् बिना धितो सहुलियत दरमा कर्जा प्रवाह गरी स्वदेशमै स्वरोजगार बनाउन र सुदूरपश्चिम प्रदेशमा गरिबी निवारण तथा आर्थिक समानता कायम गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा १९७ बमोजिम प्रदेश सभाले ऐन बनाएको विधेयकको प्रस्तावनामा उल्लेख छ विधेयकको परिच्छेद २ को दफा ५ मा कोषको उद्देश्य उल्लेख गरिएको छ । यो कोषको केन्द्रीय कार्यालय कैलालीमा रहने र आवश्यकताबमोजिम सुदूरपश्चिमको जुनसुकै जिल्लामा पनि कार्यालय खोल्न सक्ने भनिएको छ । यो कोषको सञ्चालक समितिको अध्यक्ष प्रदेशका अर्थमन्त्री हुने भनिएको छ । कोषको उद्देश्य र प्रकृति यसभन्दा अगाडीका स्वरोजगार कोषको जस्तै छ । कोषका उद्धेश्यहरु यसप्रकार छन्ः

क) व्यावसायिक खेती तथा पशुपक्षी पालन, कृषि, वनजन्य तथा खानीजन्य उद्योग आदि विषयमा तालिम प्रदान गर्ने गराउने र तालिमप्राप्त उद्यमीलाई ऋण उपलब्ध गराउने ।

ख) मोटरसाइकल, साइकल, रिक्सा, अटो रिक्सा, ठेलागाडी, मोबाइल आदी मर्मत लगायतका सेवामूलक स्वरोजगार

कार्यक्रमका लागि ऋण उपलब्ध गराउने ।

ग) इलेक्ट्रिक, इलेकट्रोनिक्स, फर्निचर निर्माण, फर्निसिंग , मार्बल, टायल बिछ्याउने तथा प्लम्विगं एवं साना तथा घरेलु व्यवसाय र एवं पसलसञ्चालनलगायतका सेवामूलक स्वरोजगार कार्यक्रमका लागि ऋण उपलब्ध गराउने ।

घ) परम्परागत सीप र स्थानीय साधन श्रोतको प्रयोग गरी स्वरोजगार कार्यक्रम सञ्चालन गर्नको लागि ऋण उपलब्ध गराउने ।

ङ) द्धन्द्धपिडित, अपाङ्ग, घाइते व्यक्ति, बेपत्ता तथा शहीद परिवार, एकल महिला, उत्पीडित जाति , जनजाति, दलित, लोपोन्मुख जाति र पिछडिएको क्षेत्र तथा महिलालाई प्राथमिकतामा राखी ऋण लगानी गर्ने ।

च) स्वरोजगार हुन इच्छुक बेरोजगारहरुलाई तालिम प्रदान गर्ने ।

छ ) एक घर एक रोजगारी सम्बन्धी परियोजनामा लगानी गर्ने ।

ज) कोषले सहकारी संस्था वा कोषले तोकेका अन्य संस्थामार्फत स्वरोजगार कार्यक्रममा लगानी गर्ने सहयोगी संस्थाहरुको संयन्त्र निर्माण गर्ने ।

झ) कोषको उद्धेश्य प्राप्त गर्न सरकारी, गैरसरकारी, सहकारी र अन्तर्राष्ट्रिय संघसंस्थाहरुसँग सहकार्य गर्ने ।

ञ) कोषले थोक तथा खुद्रा कर्जा लगानी गर्ने ।

ट) आर्थिक तथा सामाजिक रुपले पिछडिएका र गरिबिको रेखा मुनी रहेका व्यक्ति परिवार वा समुदायको पहिचान

गरी तिनीहरुको आर्थिक तथा सामाजिक स्तर अभिवृद्धि गर्न तालिम सञ्चालन गर्ने र सीप सिकाई स्वरोजगार बनाउन ऋण लगानी गर्ने ।

ठ) कृषि, पशुपक्षी माछा पालन सिलाई बुनाई स्थानीय श्रोत जडीबुटी सङ्कलन तथा प्रशोधन पर्यटन व्यवसाय र कच्चा पदार्थमा आधारित घरेलु तथा सामना लघु उद्योग जस्ता व्यवसाय गर्न ऋण लगानी गर्ने ।

ड) कोषले तोकेको अन्य कार्यक्रममा थोक तथा खुद्रा कर्जा लगानी गर्ने ।

ढ) कोषले थोक तथा खुद्रा कर्जा लगानि गर्दा तोकिए बमोजिको ब्याजदर निर्धारण गर्ने ।

ण) कोषको उद्देश्य अनुसार काम गर्ने व्यक्तिलाई सहुलियत व्याजदारमा सामूहिक जमानमिा वा सक्कल शैक्षिक प्रमाणपत्र धितो राखी तोकिएको रकमसम्म अवधि ऋण उपलब्ध गराउने ।

त) कोषको उद्देश्य कार्यान्वयन गर्न आवश्यक तालिम सञ्चालन गर्ने ।

थ) कार्यक्रमहरुको प्रवर्द्धनका लागि आवश्यक अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न तथा स्वंयसेवकहरुको परिचालन एवं नियुक्ति गर्ने ।

द) संस्थाको उद्धेश्यसँग मेल खाने अन्य संघसंस्थासँग सहकार्य गर्ने ।

ध) कोषले परियोजनाको आधारमा ऋण लगानी र ऋणको

रकम निर्धारण गर्ने

न) अन्य आवश्यक कार्य गर्ने गराउने ।

यसरी यो २० वटा बुँदामा कोषको उद्देश्य राखिएको छ । कोषले विदेशी सरकार वा दातृ निकाय, सङ्घीय सरकारबाट प्राप्त हुने अनुदानबाट प्रदेश सरकारले विनियोजन गर्ने गरी श्रोत व्यवस्थापन गर्ने उल्लेख गरेको छ । विधेयकमा धेरै दफाहरुमा तोकिए बमोजिम हुने लेखिएको छ जसले भविष्यमा यो कोषको दुरुपयोग हुने सम्भावना देखाउँछ । कोषले लक्षित समूह पनि तोकेको छ । यस्तो कोषबाट ऋण लिँदा ४ प्रतिशतसम्म ब्याज हुने उल्लेख गरिएको छ र ब्याजदरको विषयमा भविष्यमा पनि तोकिएबमोजिम हुने भनिएको छ । (सुदूरपश्चिम प्रदेशमा स्वरोजगार कोष स्थापना गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५) ।

# ६. रोजगार सिर्जनामा अन्तर्राष्ट्रिय अभ्यास र सिकाई

## ६.१ भारत

सन् २००५ मा महात्मा गान्धी राष्ट्रिय रोजगार ग्यारेन्टी ऐनमार्फत रोजगार कार्यक्रम अघि बढेको थियो । पछि सन् २००८ बाट भारत सरकारले यसै कार्यक्रमलाई महात्मा गान्धी रोजगार सुनिश्चितता ऐनमा परिणत गरेको थियो । भारतका ग्रामीण क्षेत्र लक्षित यो कार्यक्रमले बेरोजगारलाई एक सय दिनको रोजगारी दिने उद्देश्य राखिएको थियो । बेरोजगार युवाले रोजगारीका लागि आवेदन दिएको १५ दिनभित्र रोजगार दिने व्यवस्था थियो ।

सकेसम्म रोजगारी दिने, रोजगार नभएको खण्डमा बेरोजगारी भत्ता दिने यस कार्यक्रमको उद्देश्य थियो । रोजगार दिएपछि बेरोजगार युवाको जीवनस्तरमा सुधार आउने भारत सरकारको अपेक्षा थियो । भारत सरकारले लागु गरेको यो कार्यक्रम पाँच चरणमा पूरा हुन्थ्यो । कार्यक्रमका लागि आवश्यक बजेट केन्द्र सरकारले विनियोजन गर्थ्यो । केन्द्र हुँदै स्थानीय तह, जिल्ला, नगरदेखि ग्राम पञ्चायतसम्म पुग्थ्यो । त्यसैले कार्यक्रम सफल बनाउन केन्द्र सरकार र ग्राम पञ्चायतको समन्वय हुन जरुरी थियो। तर, त्यो भएन । कार्यक्रम सफल सकेन ।

भ्रष्टाचारलगायत अन्य कारणले महात्मा गान्धी रोजगार कार्यक्रम सफल नभएको भनिन्छ । भारतमा असफल भइसकेको उस्तै

प्रकृतिको कार्यक्रम नेपालमा अहिले लागु गरिएको छ । सरकारले बेरोजगारी हटाएर नेपाली युवालाई विदेश जानुपर्ने अवस्था ल्याउने बताएको छ ।

गरिबको पहिचान कसरी गर्ने, के रोजगारी दिने भन्ने विषय अझै पनि टुङ्गो लागिसकेको छैन । त्यस्तै, रोजगार कार्यक्रम आए पनि वैदेशिक रोजगारीमा जानेहरुमा कमी नआएको समाचार बेलाबेला आइरहेकै छ (नागरिक दैनिक,२०७५) ।

## ६.२ फिनल्यान्ड

फिनल्यान्ड विश्वका सशक्त लोककल्याणकारी समाजवादी राज्यमध्ये एक हो । यहाँ राज्यले प्रभावकारी स्वरोजगार कार्यक्रम चलाउँछ । राज्यले आफ्नो थैलोमा सुको सुको गरी पैसा सङ्कलन गर्छ र आवश्यक लाभग्राहीलाई सेवा दिन्छ । सरकार लगानीको प्रतिफल खोज्ने ‘महाव्यवसायी’ हुने वा बाँड्न मात्र बसेको उदार समाजसेवी हुने प्रस्ट हुनुपर्छ । लगानी गरिसकेपछि, कति लगानीमा कति प्रतिफल आउँछ सरकारले हेर्नुपर्छ । प्रतिफलको सुनिश्चितताका चुनौती र जोखिम कसरी कम गर्ने रणनीति बनाउनु पर्छ ।

फिनिस सरकारले भने शिक्षा, स्वास्थ्य, वन र खेलकुद क्षेत्रमा गरेको खर्चलाई लगानी मान्छ । फिनल्यान्डमा सन् २०१०मा सरकारले हरेक बच्चालाई दिने मासिक भत्ता १०८ युरो प्रतिमहिनाबाट ९९ युरोमा झार्ने बहस हुँदै थियो । सन् २०१३/२०१४ तिरबाट घटायो पनि । त्यसरी पैसा घटाउनुको कारणबारे फिनिस अर्थमन्त्रीले कसरी

मासिक भत्ता १०८ बाट ९९ युरोमा झारेर बचेको पैसाले केटाकेटीका लागि खेलकुद मैदानको विकास गर्न सकिन्छ भन्ने तर्क गरे । किन खेल मैदानको विकास नानीहरूका लागि महत्त्वपूर्ण छ भनेर अर्थ्याए । उनले लेखमा खर्चको साटो लगानी शब्द प्रयोग गरे । स्वरोजगार कार्यक्रममा पनि फिनल्यान्ड सरकार 'महाव्यवसायी' कै रूपमा नै प्रस्तुत हुन्छ । सुरुमा आफूले लगानी गरिदिने, अनि पछि लगानीको प्रतिफल लिने । फिनिस सरकारले स्वीकृत गरेको व्यवसाय सञ्चालन गर्दा लाग्ने जिन्सी सामानको भुक्तानी सरकारले गरिदिन्छ । तर सामान सरकारले भनेको पसल र उसले तोकेको गुणस्तरको नै हुनु पर्छ । यस्तै, कुनै व्यवसायीले अरूलाई जागिर दिने रोजगार सिर्जना गरेको छ भने त्यस्तो रोजगारीको एक वर्षसम्मको तलब सरकारले भर्छ । एक वर्षसम्म भ्याट, सेवा शुल्कबाहेक व्यवसायीले अरू कुनै पनि कर तिर्नु पर्दैन (तिवारी, २०७५) ।

## ६.३ नेदरल्याण्ड

नेदरल्याण्डको उदाहरण हेर्ने हो भने सरकारसँग को रोजगार को बेरोजगार भन्ने अद्यावधिक तथ्याङ्क छ । स्कुल कलेजको पाठ्यक्रममा नै 'अन्टरप्रेनरसिप' भन्ने कोर्स छ । कसैले व्यवसाय गर्छु भन्यो भने सरकारले १ महिने तालिम दिन्छ । व्यवसायको योजनादेखि कर लगायतका कुरामा सरकारले परामर्श दिन्छ । कुनै व्यवसाय गर्दा हुने जोखिमबारे पटक–पटक सरकारी मानिसले सचेत गराउँछन् । त्यो जोखिम कसरी न्यून गर्छौ भनेर सोध्छन् । तीनदेखि छ महिनासम्ममा जोखिम लिन तयार पार्ने गरी तालिम दिन्छन् । यी सबै चरण पार गरेपछि व्यवसाय गर्न चाहनेले 'बिजनेस प्लान' प्रस्तुत गर्छ । त्यो योजनाको आधारमा सरकारले स्वीकृत

वा अस्वीकृत गर्छ । बिजनेस प्लान अस्वीकृत भयो भने सरकारले जोखिम मोल्दैन । सरकारको रणनीतिक क्षेत्रमा सो व्यवसाय पर्दैन भने पनि सरकारले जोखिम मोल्दैन । सरकारले दिने आर्थिक अनुदानको प्याकेज पनि कम हुन्छ (तिवारी, २०७५) ।

# ७. निष्कर्ष तथा सुझावहरू

क) स्वरोजगार कोष स्थापना गर्ने सम्बन्धमा बनेका नीति तथा कार्यक्रमको कार्यान्वयन पक्षले यसको सफलता र असफलता निर्धारण गर्छ । नेपालमा यसभन्दा अगाडीको बनेका यस्तै स्वरोजगार कोषमार्फत राज्यको श्रोत कसरी दुरुपयोग भएको छ भन्ने दृष्टान्तले के देखाउँछ भने यस्तो कोष दीर्घकालीन रूपमा लाभदायी हुँदैन ।

ख) गरिबको पहिचान कसरी गर्ने, के रोजगारी दिने भन्ने विषय अझै पनि टुङ्गो लागिसकेको छैन । त्यस्तै, रोजगार कार्यक्रम आए पनि वैदेशिक रोजगारीमा जानेहरूमा कमी नआएको समाचार बेलाबेला आइरहेकै छ । तसर्थ गरिबिको पहिचान सही ढङ्गबाट नभएसम्म यस्ता किसिमका कार्यक्रमहरू वास्तविक लाभान्वितलाई फाइदा पुग्दैन ।

घ) सङ्घीय सरकारको प्रमुख कार्यक्रमकै रूपमा रहेको प्रधानमन्त्री रोजगार कार्यक्रमले त विदेशी दातासँग अनुदान लिइरहेको हुनाले स्वरोजगार सम्बन्धीत प्रदेश तथा स्थानीय तहका कार्यक्रममा श्रोतको समस्या पर्न सक्छ ।

ङ) असफल अभ्यासको रूपमा स्थापित भइसकेको रोजगारी कार्यक्रमको विकल्पको रूपमा उद्यमशीलतालाई प्रवर्द्धन गर्ने , बजार मा व्यवसायको आगमन र वर्हिगमनलाई सहज र सरल बनाउने, कर तिर्ने झन्झटबाट उन्मुक्ति दिने किसिमका नीतिहरू ल्याउन आवश्यक छ ।

# सन्दर्भ सामाग्रीहरु


नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालय सिंहदरवार काठमाण्डौं, (२०७१)राष्ट्रिय रोजगार नीति– २०७१: नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालय

नेपालको संविधान, २०७२

कान्तिपुर दैनिक, माघ २८ २०७६,कर्णालीमा 'मुख्यमन्त्री रोजगार': ज्यालामा मात्र ६३ करोड https://ekantipur.com/business/2020/02/11/15813871342085244.html

सुदुरपश्चिम प्रदेश सरकार, (२०७५), सुदुरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५: सुदुरपश्चिम प्रदेश सरकार http://pga.sudurpashchim.gov.np/

शिक्षापत्र, असार १९, २०७७, नेपालमा युवाको वर्तमान अवस्था: शिक्षापत्र https://shikshapatra.com/2020/07/03/83978

केन्द्रिय तथ्यांक विभाग, २०७७ https://www.npc.gov.np/np/page/99/department/central_bureau_of_statistics_cbs_

केन्द्रिय तथ्यांक विभाग (२०७४), नेपाल श्रमशक्ति सर्वेक्षण २०७४।०७५, केन्द्रिय तथ्यांक विभाग  नेपाल https://www.npc.gov.np/np/

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय(२०७६), http://moless.gov.np/

नेपाल म्यागेजिन, फाल्गुन ६, २०७५,युवाको नाममा अर्बौंस्वाहःनेपाल म्यागेजिन https://nepalmag.com.np/contemporary/2019/02/18/20190218164114

कर्णाली रोजगार कार्यक्रम निर्देशिका– २०७१

नागरिकन्युज चैत्र २०, २०७५, सल्लाह दिने युवा परिषद् नै अन्यौलमा, नागरिकन्युज https://nagariknews.nagariknetwork.com/politics/175186-1554278100.html

नागरिकन्युज चैत्र २०, २०७५, गरिवसँग विश्वेश्वरः नामले नधानेको विरासतः  नागरिकन्युज https://nagariknews.nagariknetwork.com/politics/175282-1554371340.html

नागरिकन्युज चैत्र २२, २०७५, कसरी बन्यो प्रधानमन्त्री रोजगार कार्यक्रम ?: नागरिकन्युज https://nagariknews.nagariknetwork.com/politics/175381-1554463260.html?click_from=category

सेतोपाटी, जेठ २५, २०७५, किन असफल भयो युवा स्वरोजगार कार्यक्रमः सेतोपाटी, https://www.setopati.com/politics/161463,

तिवारी आनन्द ( २०७५), नगद होइन् , व्यवसायका लागि जिन्सी देउः सेतोपाटि https://www.setopati.com/opinion/161394

अन्नपुर्णपोष्ट, भदौ २०, २०७५, युवा स्वरोजगार कोष दुरुपयोगः अन्नपुर्णपोष्ट, http://annapurnapost.com/news/107392

खोज पत्रकारिता केन्द्र, जेठ २, २०७३,युवा स्वरोजगार कोष आफ्नो हात जग्गनाथः खोज पत्रकारिता केन्द्र

लोकान्तरडटकम, भदौ २५, २०७५, युवा स्वरोजगार कोषमा 'अनियमितता', 'नक्कली अनुभव पत्र' बनाएर आफन्तलाई जागिरः लोकान्तरडटकम https://lokaantar.com/story/54311/2018/9/10/yuba-swarojgar-kosh

साँघु जेठ १४, २०७६, भ्रष्टतन्त्रले युवा स्वरोजगार कोष नै डुब्योः साँघु https://mail.nepalijanta.com/article/130042.html

अनलाइनखबर, जेठ २८, २०७६, शैक्षिक कर्जाको कार्यक्रम फ्लपः अनलाइनखबर https://www.onlinekhabar.com/2019/06/772615

देशसञ्चार, मंसिर २५, २०७५, बैंकले कर्जा नदिँदा सरकारको स्वरोजगार योजना अलपत्र: देशसञ्चार https://deshsanchar.com/2018/12/11/132307/

शिलापत्र, मंसिर २८, २०७६, 'प्रधानमन्त्री रोजगार कार्यक्रम'को १९ अर्ब ७१ करोड सकियो, बेरोजगारको गोजी रित्तै: शिलापत्र https://shilapatra.com/detail/45885

बैंकिङ खबर, (२०७५), यूवा स्वरोजगार कोषले कसरी दिन्छ बिना धितो कर्जा ?: बैंकिङ खबर https://bankingkhabar.com/archives/30433

हाम्रो अनलाइन, पुष १५, २०७३,कर्णाली अञ्चलमा रोजगार कार्यक्रम: हाम्रो अनलाइन https://www.hamroonline.com/2016/12/211

## वेवसाइटहरु

http://nvp.org.np/
https://president.gov.np/
https://www.newera.com.np/report/rural-community-infrastructure-works-rciw-program/